(आ.व. २०८०/०८१ बैठक नं. ७)

आज मिति २०८०/७/०१ गते बुधवारका दिन रत्ननगर नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक नगरप्रमुख श्री प्रल्हाद सापकोटा ज्यूको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीज्युहरुको उपस्थितीमा बसी निम्न प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

| क्र.स. | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १. | नगरप्रमुख | श्री प्रल्हाद सापकोटा | |
| २. | नगर उपप्रमुख | श्री यादव प्रसाद पाठक | |
| ३. | वडा अध्यक्ष वडा नं. १/प्रवक्ता | श्री कुल प्रसाद सापकोटा | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री राजेन्द्र प्रसाद घिमिरे | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री सोहेन्द्र राज खरेल | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री राम कुमार चौधरी | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री बालकृष्ण चापागाई | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री किरण महतो | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री सजना महतो | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण चौधरी | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री अनन्त अधिकारी | |
| १२. | वडा अध्यक्ष वडा नं. १० | श्री कलाधर पौडेल | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री श्याम कुमार श्रेष्ठ | |
| १४. | वडा अध्यक्ष वडा नं. १२ | श्री सुन्दरमणी सुवेदी | |
| १५. | वडा अध्यक्ष वडा नं. १३ | श्री पोट बहादुर घिमिरे | |
| १६. | वडा अध्यक्ष वडा नं. १४ | श्री होमनाथ रानाभाट | |
| १७. | वडा अध्यक्ष वडा नं. १५ | श्री आसिक तामाङ्ग | |
| १८. | वडा अध्यक्ष वडा नं. १६ | श्री हेमराज थापा | |
| १९. | कार्यपालिका सदस्य | श्री बबिता चौधरी | |
| २०. | कार्यपालिका सदस्य | श्री यसोदा अधिकारी पौडेल | |
| २१. | कार्यपालिका सदस्य | श्री चन्द्रकला घनेठ | |
| २२. | कार्यपालिका सदस्य | श्री सुकमाया वि.क. | |
| २३. | कार्यपालिका सदस्य | श्री सानु भण्डारी बस्नेत | |
| २४. | कार्यपालिका सदस्य | श्री राजेन्द्र परियार हमाल | |
| २५. | कार्यपालिका सदस्य | श्री देवेन्द्र भुजेल | |
| २६. | कार्यपालिका सदस्य | श्री राम बहादुर रिमाल | |
| २७. | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्री छविलाल सुवेदी | |

अन्य उपस्थिती

नगर शिक्षा अधिकारी- श्री नारायण प्रसाद वाग्ले

विज्ञ सल्लाहकार - श्री रामहरि न्यौपाने

[illegible] -

लेखा अधिकृत - श्री कृष्ण प्र. चतुर्वेदी

[illegible]

पंकज गिरी

# मिति २०८०/७/०१ गते बसेको कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१**

मिति २०८०/६/२२ गते बसेको आकस्मिक कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२**

रत्ननगर नगरपालिका क्षेत्रभित्र रहेका जग्गाको वर्गीकरण तथा किनबेच प्रयोजनका लागि कित्ताकाट सीफारिस गर्दा स्थानीय पूर्वाधार विकास शुल्क संकलन गर्ने कार्यालयबाट स्थायी पुर्वामा वर्गीकरण सीफारिस लिई मालपोत कार्यालयबाट घरबाटो प्रमाणित जारी हुर्दा सो कै आधारमा जग्गा बिक्री लेनदेन भै न.पा.को स्थानीय पूर्वाधार विकास शुल्क असुली प्रकृया छुट हुने देखिएकाले साविकमा वर्गीकरण समावेस भएका जग्गाहरुको हकमा न.पा.बाट जग्गा बिक्री लेनदेन तथा कित्ताकाट सीफारिस नपा बाट स्थानीय पूर्वाधार विकास शुल्क असुली गरी सो बाट जारी सिफारिस मुताविक गर्न गराउनका लागि सम्पूर्ण वडा लाई परिपत्र जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

रत्ननगर नगरपालिका वडा नं.१४, १५ र १६ को शान्ती सूरक्षा र जनधनको सुरक्षाका लागि अस्थायी प्रहरी चौकी स्थापनाका लागि जिल्ला प्रशासन कार्यालय भरतपुर चितवनबाट सिफारिस भए बमोजिम हाललाई १६ नं. वडा कार्यालयको प्राङ्गाणमा प्रहरी चौकी स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

नेपालीहरुको महान् चाड विजय दशमी, शुभ दिपावली, छठ पर्व तथा नेपाल संवत् ११४४ को अवसरमा शुभ कामना आदान प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं २ मा घर भई चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं २ स्थित नेपाल नमूना माध्यमिक विध्यालयका साविकका मा.वि द्धितिय श्रेणी अंग्रेजी विषयका शिक्षक एवं प्रध्यानाध्यापक वर्ष ४७ का ढुंढिराज सुवेदीले चितवन जिल्ला स्थित रत्ननगर नगरपालिका को कार्यालय ,रत्ननगर चितवन समेतलाई प्रत्यार्थी बनाई श्री उच्च अदालत पाटन, हेटौडा ईजलासमा दायर गरेको मुद्धा नं ०८०–WO–००२६ को उत्प्रेषणयुक्त परमादेश मुद्धामा, रत्ननगर नगरपालिका नगर शिक्षा समितिको कार्यालय ,रत्ननगर एवं ऐ समितिका अध्यक्ष रत्ननगर नगरपालिकाको नगर प्रमुख प्रलाद सापकोटा...१, चितवन जिल्ला रत्ननगर नगरपालिका अन्तर्गत दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सिफारिस समिति एवं सो समितिका संयोजक रत्ननगर न.पा.को उप–प्रमुख यादव प्रसाद पाठक ...१,रत्ननगर न.पा नगर कार्यपालिकाको कार्यालय...१, ऐ कार्यालयका प्रमुख प्रशासकीय अधिकृत छविलाल सुवेदी ...१,ऐ रत्ननगर न.पा वडा नं १३ को वडा अध्यक्ष पोट बहादुर धिमिरे...१,रत्ननगर न.पा सामाजिक विकास समितिका संयोजक बालकृष्ण वाग्लाई...१,ऐ समितिका सदस्य एवं कार्यपालिका सदस्य चन्द्रकला पनेरु...१,रत्ननगर नगरपालिका अन्तर्गत दरबन्दी

CamScanner

[illegible] तथा शिक्षक व्यवस्थापन सिफारिस समितिका सदस्य सचिव बद्री नारायण शर्मा समेत समिताका सदस्यहरु...१ र रत्ननगर नगरपालिका नगर शिक्षा समितिका सदस्य सचिव राजेन्द्र प्रसाद बराल समेत समितिका सदस्यहरु...१को तर्फबाट श्री उच्च अदालत पाटन हेटौडा ईजलासमा लिखित जवाफ पेश गरी मुद्दाको तारेख मा रही मुद्दाको पुर्पक्ष गर्न चितवन जिल्ला भरतपूर महा .न.पा वडा नं १० बस्ने वरी नगरपालिकाका अधिकृत (छैठी तह)वर्ष ४८ का देव प्रसाद पौडेललाई प्रतिनिधी मुकरर गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.६**

रत्ननगर नगरपालिका वडा नं.२ स्थित सिनेमा रोडको हाम्रो टोलमा मिति २०८० असोज ९ गते ७ :४५ बजे भन्डारी फेसन कलेक्सन मा आगलागी भएको र उक्त पसल संचालन श्री गणेश भण्डारीको आर्थिक अवस्था ज्यादै कमजोर भएको भनि निवेदन पेश भएकाले निजलाई विपद् व्यवस्थापन शिर्षकबाट व्ययभार पर्ने गरी रु.५००००/- (पचास हजार) राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७**

रत्ननगर नगरपालिका वडा नं.१० स्थित बैरियामा निर्माणाधिन श्री शिवालय मन्दिर सम्पन्न गर्नका लागि अपुग बजेट रु. १००००००/- (दश लाख मात्र) आ.व. २०८०/०८१ मा नगर स्तरीय बजेट शिर्षक विविध पूर्वाधार निर्माण शिर्षकबाट व्ययभार हुने गरी विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

रत्ननगर नगरपालिका वडा नं.६ मा रहेको श्री वक्षेश्वर मन्दिरमा १०८ शिवलिङ्ग खरिद तथा स्थापनाका लागि आ.व. २०८०/०८१ मा नगर स्तरीय बजेट शिर्षक विविध पूर्वाधार निर्माण शिर्षकबाट व्ययभार हुने गरी रु.१५००००/- (एक लाख पचास हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**

रत्ननगर नगरपालिका वडा नं. ७ स्थायी ठेगाना भएका तपसिलका फर्मलाई 'घ' वर्गको ईजाजत पत्र दिने निर्णय गरियो ।

| क्र.स. | फर्मको नाम |
|---|---|
| १. | श्री अंश कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. र.न.पा-७ |
| २. | आयुध कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. र.न.पा-७ |

**निर्णय नं.१०**

रत्ननगर नगरपालिका वडा नं. १० श्री कृष्ण टोल नियासी श्री बुद्धिराम दराईको मिति २०८०।०६।१८ गते खगेरी खोलाले बगाएर असामयिक निधन भएको र निजको आर्थिक अवस्था अति विपन्न भएकोले काज क्रिया खर्चको लागि आर्थिक सहायता खर्च शिर्षकबाट व्ययभार हुने गरी रु.१५०००।- (पन्ध्र हजार) निजको छोरा टिकाराम दराईको नाउँमा दिने निर्णय गरियो ।

**निर्णय नं.११**

रत्ननगर नगरपालिका वडा नं. ४ बस्ने भानुभक्त पौडेलको छोरा शुभम पौडेल क्यान्सर रोगबाट पिडित भएको र पटक पटक किमोथेरापी उपचार गरिरहनु पर्ने र उपचारमा अधिक खर्च लाग्ने र निजको आर्थिक अवस्था कमजोर भएको कारणले निजलाई विविध आर्थिक सहायता खर्च शिर्षकबाट व्ययभार हुने गरी रु.३००००।- (अक्षरुपी तीस हजार मात्र) दिने निर्णय गरियो ।

**निर्णय नं.१२**

अखिल नेपाल महिला संघ जिल्ला कमिटी चितवनलाई तिज सम्बन्धी अन्तरक्रिया कार्यक्रमको लागि रु.३५०००।- (अक्षरुपी पैतिस हजार मात्र) दिने निर्णय गरियो ।

**निर्णय नं.१३**

रत्ननगर न.पा. वडा नं. ७ र ८ को सिमाना भई बग्ने बुढीराप्ती खोलामा रहेको फलामे पुल वर्षातको समयमा निकाल्दा लागेको खर्च रु.७०,०००।- (अक्षरुपी सत्तरी हजार मात्र) नगर स्तरीय अन्य/विविध सार्वजनिक निर्माण खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१४**

रत्ननगर नगरपालिकाका कार्यपालिका सदस्य श्री राम रिमालको मिति २०८०।०६।२८ गते मोटरसाइकल दुर्घटनामा परी खुट्टा भाँचिन गई सेन्ट्रल हस्पिटल भरतपुरमा उपचारार्थ रहनु भएको र उहाँको आर्थिक अवस्था कमजोर भएको हुनाले रु ५००००।- (अक्षरुपी पचास हजार मात्र ) दिने निर्णय गरियो ।

**निर्णय नं.१५**

रत्ननगर नगरपालिका वडा नं.६ हात्तीचोक देखि गैडाचोक कालोपत्रे मर्मतका लागी आ.व.२०८०/०८१ मा वार्षिक बजेट नीति तथा कार्यक्रममा विविध सार्वजनिक निर्माण शिर्षकमा विनियोजित बजेटबाट व्ययभार पर्ने गरी रु.२५०००००/- (पच्चिस लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६**

रत्ननगर नगरपालिका वडा नं.१५ मा रहेको स्मार्ट मल्टिएग्रो फर्मलाई आधिकारीक मल विक्रेताको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं.१८**

नेपाल लोकतान्त्रिक खेलकुद संघको आयोजनामा मिति २०८०/६/२९ गते देखि मिति २०८०/७/०७ गते सम्म सञ्चालन भएको स्व. एक नाथ रानाभाट स्मृतीमा आयोजित फुटबल प्रतियोगिताका लागि सहयोग माग भै आएकाले आ.व.२०८०/०८१ मा नगर स्तरीय बजेट शिर्षक राज्यको लागि खेलकुद स्वास्थयका लागि खेलकुद बाट खर्च लेख्ने गरी रु.४००००/- (चालिस हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**

रत्ननगर नगरपालिकामा आ.व. २०८०/०८१ मा संचालन हुने तपसिल बमोजिमका योजनाहरुको लागत अनुमान बमोजिम १३ औं नगर सभाबाट विनियोजन भएको बजेटमा अपुग रकम देहयको रकम नगरस्तरीय बजेट शिर्षक अन्य विविध सार्वजनिक निर्माण बाट खर्च लेख्ने गरी विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

श्री सामाजिक रुपान्तरण अभियान नेपाल रत्ननगर – नामक संस्थाले विभीन्न अल्पसख्यक महिलाहरुका लागि क्षमता अभिवृद्धि एवम महिला शक्तीकरण कार्यक्रम स्चालनका लागि सहयोग रकम माग गरेकाले कार्यक्रम स्चालनका लागि उक्त संस्थालाई अन्य संघ/संस्था साझेदारी शिर्षकबाट व्ययभार पर्ने गरी रु.२८००००/- (दुई लाख असी हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

रत्ननगर नगरपालिका वडा नं.१० बकुलहर देखि १३ को पंचकन्या मा.वि. सम्म सडक कालोपत्रे फुटपाथ सहित नाला निर्माणका लागि अन्य विविध सार्वजनिक निर्माण शिर्षकबाट व्ययभार पर्ने गरी रु.४८०००००/- (अडचालिस लाख मात्र) र वडा नं.४ र १६ मा कर्वड हल निर्माणका लागि सोही बजेट शिर्षकबाट व्ययभार पर्ने गरी रु.५०००००/- (पाँच लाख मात्र) थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२**

चितवन जिल्ला खैरहनी नगरपालका वडा नं १ स्थित नविन निर्माण सेवा समेतले यस रत्ननगर नगरपालिकाको कार्यालय रत्ननगर चितवनलाई विपक्षी बनाई सम्मानित चितवन जिल्ला अदालतमा दायर भएको मुद्दा नं ०७८ DP-०१३३ को सम्झौता अनुसार काम गर्न नपाएको दिन हिसाब गरी दावी बैंक ग्यारेण्टी फुकुवा गरी हिसाव मिलान गराई रकम दिलाई पाँउ मुद्दामा, रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय,रत्ननगर चितवनको तर्फबाट श्री चितवन जिल्ला अदालतमा उपस्थित भई मुद्दाको तारेखमा रही मुद्दाको पुर्पक्ष गर्न चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं १० बस्ने यसै नगरपालिकाका अधिकृत (छैठौ तह)वर्ष ४८ का देव प्रसाद पौडेललाई प्रतिनिधि मुकरर गरी पठाउने निर्णय गरिंयो ।

**निर्णय नं.२३**

जिल्ला प्रहरी कार्यालय भरतपुरको चितवले शान्ती सुरक्षा कायम गर्ने शिलसिलामा प्रहरी परिचालनका लागी गाडी, मोटरसाईकलबाट मेवाडल गस्ती गर्दा अत्याधिक ईन्धन खपत भएको भनि १००० लिटर (एक हजार लिटर )ईन्धन माग भै आएकाले श्री प्रहरी कल्याण पेट्रोल पम्प चितवनको नाममा बिल भर्पाई बमोजिम १००० लिटर ईन्धनको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं.२४**

रत्ननगर नगरपालिका वडा नं.१० थैरिया जनजागृतीटोल स्थित चेपाङ्ग समुदायका १७ घरधुरी विपन्न परिवारहरुलाई खाद्यान्न वितरण सहयोग कार्यक्रममा खर्च भएको रकम रु. ६०७२० (साठ्ठी हजार सात सय बिस मात्र ( आ.व. २०८०/०८१ मा नगरस्तरीय कार्यक्रम शिर्षक विपन्नसँग नगर प्रमुख शिर्षकबाट व्ययभार हुने गरी खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं.२५**

रत्ननगर नगरपालिका वडा नं.९ बस्ने श्री राजवती देवी शाह कानु विगत ३ बर्ष देखि मृगौला सम्बन्धी रोगको कारण बिरामी भएको र डाइलाईसिस गरिरहेकाले र निजको आर्थिक अवस्था ज्यादै कमजोर भएकाले निजको उपचारका लागि अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार पर्ने गरी रु.२००००/- (बिस हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६**

पंचकन्या माध्यमिक विद्यालय रत्ननगर १३ जयंमगलाबाट शिक्षक कर्मचारी कार्यकक्षमा टायल लगाउने र क्यान्टिनमा आवश्यक फर्निचर निर्माणका लागि विद्यालय व्यवस्थापन समितिबाट लागत स्टिमेट सहित रकम माग भई आएकाले रत्ननगर नगरपालिकाको आ.व.२०८०/०८१ मा विविध पुर्वाधार निर्माण शिर्षकमा विनियोजन भएको बजेट बाट व्ययभार पर्ने गरी रु.११०००००/- (एघार लाख मात्र) खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं.२७**

रत्ननगर नगरपालिका वडा नं. ८ को विभीन्न बाटोहरु कालोपत्रे निर्माणका लागि लागत इस्टीमेट बमोजिम अपुग रकम रु.५०००००/- (पाँच लाख मात्र) आ.व.२०८०/०८१ मा नगर स्तरीय विविध पुर्वाधार शिर्षकबाट व्ययभार हुने गरी खर्च लेख्ने निर्णय गरियो ।

CamScanner